# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मंसीर ७ गते २०३९ साल

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले विशेष अदालत ऐन, २०३१ को दफा ३, ४ र दफा ५ को उपदफा (१), (२) र (३) ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको तीन सदस्यीय बर्दिया जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालत गठन गरेको छ ।

१. अदालतको गठनविधिः

(क) भू. पू. न्यायाधीश श्री तेजप्रसाद धिताल– अध्यक्ष

(ख) बर्दिया वन डिभिजन कार्यालयका डी. एफ. ओ.– सदस्य

(ग) बर्दिया जिल्ला अदालतका जिल्ला न्यायाधीश– सदस्य

२. अदालतको अधिकारक्षेत्रः

(क) यो विशेष अदालतलाई खण्ड ३१ मिति २०३८।१२।१ अतिरिक्ताङ्क ६७ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित वन तथा भू-संरक्षण मन्त्रालयको सूचनाले गठित बाँके बर्दिया जिल्ला वनक्षेत्र सुदृढीकरण

४०२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकार सम्पन्न समितिको कार्यक्षेत्रभित्र पर्ने विषयहरूमध्ये बर्दिया जिल्लाको सम्बन्धमा देहायको विषयमा परेको वा पर्ने उजूरीहरू लिई कारवाई र किनारा गर्न तोकिएको तथा सुम्पिएको छ ।

(१) जग्गा सम्बन्धी तेरो मेरो, हक बेहक र नम्बरीको नाताले सरकारी जग्गा वा वनक्षेत्र ओगटी उठेका खिचोला सम्बन्धी उजूरीहरू,

(२) वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ बमोजिमको उजूरीहरू,

(३) सो क्षेत्रभित्र वन र सरकारी जग्गामा अतिक्रमण, बसोबास र जग्गा बितरण तथा जग्गा दर्ता सम्बन्धमा र वन ऐन, २०१८ अन्तर्गत सजाय हुने अपराध सम्बन्धी उजूरीहरू,

(४) उक्त क्षेत्रको जग्गा नाप जाँच सम्बन्धी उजूरीहरू,

(५) मुआव्जा कायम गर्ने, सुरक्षापेटी हटाउने र खारेज गर्दाको अवस्थामा र सो जरिया सम्बन्धी उजूरीहरू,

(६) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (४), दफा २९ र ३० अन्तर्गतका उजूरीहरू ।

(ख) खण्ड २९ मिति २०३६।४।७ संख्या १५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिम वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को दफा १० को उप-दफा (१) को अधिकार प्रयोग गरी बर्दिया जिल्लाको लागि गठित एक सदस्यीय वन संरक्षण विशेष अदालतको अधिकारक्षेत्रभित्र परेको विषयमा समेत उजूरीहरू लिई कारवाई र किनारा गर्न यो अदालत कायम रहेसम्म यसै अदालतलाई सुम्पिएको छ ।

(ग) खण्ड ३२ मिति २०३९।१।७ अतिरिक्ताङ्क २ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिम गठित बाँके, बर्दिया जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालतमा दायर रहेका मुद्दाहरूमध्ये बर्दिया जिल्लाको सम्बन्धमा खण्ड (क) र (ख) मा उल्लेखित विषयमा उक्त अदालतमा दायर भएका मुद्दाहरू सो अदालतबाट झिकी कारवाई र किनारा गर्न यो अदालतलाई सुम्पिएको छ।

३. कार्यावधिः यो विशेष अदालतको कार्यावधि २०४० साल पौष मसान्तसम्म हुनेछ ।

८०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मुकामः यो विशेष अदालतले आफ्नो मुकाम बर्दिया जिल्लाभित्र जहाँ सुकै पनि कायम गर्न सक्नेछ।

खण्ड ३२ मिति २०३९।१।७ अतिरिक्ताङ्क २ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिम गठित बाँके बर्दिया जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालतको नाम बाँके जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालत भनी नामकरण गरिएको छ। सो अदालतलाई उक्त मिति २०३९।१।७ को राजपत्रमा प्रकाशित सूचनामा उल्लेखित विषयमा बाँके जिल्लाको सम्बन्धमा मात्र कारवाई र किनारा गर्ने अधिकारक्षेत्र हुनेछ र आफ्नो मुकाम बाँके जिल्लाभित्र जहाँ सुकै पनि कायम गर्न सक्नेछ।

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

४०५

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।